आज मिति २०७८ साल कार्तिक ४ गते मंगलबारका दिन यस देवानगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष श्री लाली प्रसाद मेहता ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री लाली प्रसाद मेहता | अध्यक्ष |
| श्री पुनिता देवी यादव | उपाध्यक्ष |
| श्री सूर्यनारायण पाल | वडा अध्यक्ष, वडा नं. १ |
| श्री मजलुम मिया | " " " " २ |
| श्री अनिल कुमार भगत | " " " " ३ |
| श्री चन्द्रेश्वर प्रसाद मेहता | " " " " ४ |
| श्री अशोक यादव | " " " " ५ |
| श्री देवनारायण मेहता | " " " " ६ |
| श्री बद्री प्रसाद यादव | " " " " ७ |
| श्री रेखा देवी सरदार | कार्यपालिका सदस्य |
| श्री सोनी देवी यादव | " " |
| श्री चन्द्रकला देवी दास | " " |
| श्री राज कुमारी शाह | " " |
| श्री नरेश शर्मा | " " |
| श्री महानन्द पाल | " " |
| श्री चुडामणी गुरागाई | सदस्य सचिव |

आमन्त्रित

| | | |
|---|---|---|
| १. | बाल कुमार श्रेष्ठ | कम्प्युटर अपरेटर (प्रशासन) |
| २. | उज्जल सुवेदी | शिक्षा अधिकृत |
| ३. | जनार्दन मेहता | सूचना अधिकृत |
| ४. | उमेश प्रसाद मेहता | स्वास्थ्य संयोजक |
| ५. | जय प्रकाश मेहता | |
| ६. | सुमन भट्टराई | लेखापाल |
| ७. | चन्द्र शेखर सिन्हा | ओभरसियर |
| ८. | बिन्देश्वर [illegible] | लेखापाल |

प्रस्तावहरू:

१. पदाधिकारी इन्धन सुविधा सम्बन्धमा ।

२. क्वारेनटाइन सञ्चालन स्थलको रेखदेख सम्बन्धमा ।

३. आर्थिक सहायता सम्बन्धमा ।

४. रकम भुक्तानी सम्बन्धमा (वडा नं. ३ को)

५. हटिया सञ्चालन सम्बन्धमा (वडा नं. २ को)

६. बाटोको निर्माण कार्य सम्बन्धमा ।

निर्णयहरू:

१. प्रस्ताव नं. १ मा छलफल गर्दा वडा अध्यक्ष र वडा सदस्य कार्यपालिका सदस्यको इन्धन सुविधा गत वर्षकै आधारमा निरन्तरता दिने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ मा छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं. ७ मा सञ्चालन भएको क्वारेनटाईन मिति २०७७/०५/१६ देखि बन्द भएको हुँदा सोहि भवनमा कोभिड अस्पताल सञ्चालन गर्ने भएको हुँदा, अस्पताल सञ्चालन कर्मचारी नियुक्ति भई नसकेको हुँदा भवनको रेखदेख को लागि देवानगञ्ज वडा नं. ७ का शिव नारायण यादवलाई दैनिक ज्यालादारी रु. ३००/ (अक्षरेपी तीन सय रुपैंया मात्र) भुक्तानी हुने गरी २०७७/०५/१६ गते देखि २०७७/७ मसान्त सम्म भवनको रेखदेखको जिम्मा दिने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ मा छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं. ३ बस्ने दर्पी मण्डल र गंगिया देवी मण्डलको छोरा उमेश कुमार मण्डलको मिति २०७७/०६/१२ गते कप्तानगञ्ज शाखा नहरमा डुबी मृत्यु भएको हुँदा निजको आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोले आर्थिक सहायता स्वरूप रु. १५,०००/- (अक्षरेपी पन्ध्र हजार रुपैंया मात्र) भुक्तानी दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ मा छलफल गर्दा मृत्यु मिति २०७७/०६ महिना ६, ७ र ८ गते परेको वर्षामा डुबानमा परेको परिवारलाई तत्काल खाना, नास्ता बापत वडा नं. ३ बाट भएको खर्च रकम रु. २५,००० (अक्षरेपी पच्चिस हजार रुपैंया मात्र ।) गा.पा.को विपत व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.वं. ०६५/६६ ~~ठेक्का~~ नं. DRM/ROADS/NCB/07,01,03 को बेशकोर्ष लं.ई. मा १२ सेन्टी भएकोमा पिचको अवस्था कमजोर हुने भएकोले सम्झौता रकम भित्र रही बेशकोर्ष १५ सेन्टी कायम गरी ~~चौडाइ ३.६५ कायम~~ गरी निर्माण कार्य गराउने निर्णय गरियो।

६. प्रस्ताव नं. ५ मा छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं. २ देवानगञ्ज बजारमा लाग्दै आएको ~~ब~~ साप्ताहिक बजार कोरोनाको महामारीलाई मध्यनजर गर्दै आईतबार र बुधबारको साप्ताहिक हाट साविक पुरानै ठाउँमा संचालन गर्ने र अन्य दिनको गुन्द्री ~~अड्डिमुड~~मा अड्डीमोडमा नै संचालन गर्ने निर्णय गरियो।